आज मिति २०८१ साल श्रावण ०२ गतेका दिन यस आदर्श गाउँपालिकाका अध्यक्ष श्री गणेश बहादुर खडकाज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसि तपसिल बमोजिमका गाउँकार्यपालिका सदस्यहरुको उपस्थितिमा देहाय बमोजिमका प्रस्ताव माथि छलफल भई निम्न लिखित निर्णय पारित गरियो ।

उपस्थिति

१) अध्यक्ष श्री गणेश बहादुर खडका

२) उपाध्यक्ष श्री लक्ष्मी धामी

३) वडाध्यक्ष तथा गाउँकार्यपालिका सदस्य श्री खगेन्द्र राज ओभा

४) ,, सदस्य भरत बहादुर खडका

५) ,, सदस्य श्री रमेश बहादुर साउँद

६) ,, सदस्य श्री दिपेन्द्र प्रसाद पाठक

७) ,, सदस्य श्री उत्तम बहादुर सिंह

८) ,, सदस्य श्री लाल बहादुर खडायत

९) सदस्य श्री लाल बहादुर विष्ट

१०) गाउँकार्यपालिका सदस्य श्री कमला खडका

११) ,, सदस्य श्री नन्दा बलायर (रोकाया)

१२) ,, सदस्य श्री निर्मला देवी रोकाया

१३) ,, सदस्य श्री ललिता वि.क.

१४) ,, सदस्य श्री बहादुर ढोली

१५) ,, सदस्य श्री माने दमाई

१६) सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत श्री पदम राज अवस्थी

प्रस्तावहरु

१) सम्पत्ती विवरण पेश सम्बन्धमा ।

२) आकस्मिक कोष व्यवस्थापन तथा परिचालन निर्देशिका २०८१, पारीत सम्बन्धमा ।

३) बिदा तथा काज स्वीकृत सम्बन्धमा ।

४) परीक्षा सञ्चालन सम्बन्धमा ।

५) शाखा प्रमुखको जिम्मेवारी हेरफेर सम्बन्धमा ।

६) जिल्ला विपद् व्यवस्थापन समितिमा सिफारिस सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नं १) प्रत्येक आ.व.२०८०/०८१ को सम्पत्ति विवरण ६० (साठी) दिन भित्र सम्बन्धीत निकायमा पेश गरि सक्नु पर्ने प्रावधान रहे बमोजिम यस आदर्श गाउँपालिका अन्तरगतका पदाधिकारीहरु र कर्मचारीहरुले यहि २०८१ भाद्र १५ गते भित्र गाउँपालिकामा सम्पत्ति विवरण पेश गरि सक्नु पर्ने निर्णय गरियो ।

निर्णय नं २) विपद्जन्य प्रकोपबाट घट्ने घटनाहरुको लागि राहात उपलब्ध गराउन गाँउपालिकामा आकस्मिक कोषको व्यवस्था सहितको कार्यविधि निर्माण गरिएको हुँदा उक्त आदर्श गाउँपालिकाको आकस्मिक कोष व्यवस्थापन तथा परिचालन निर्देशिका २०८१, लाई पारीत गरियो ।

निर्णय नं.३) गाउँपालिका अन्तरगत शाखाहरुमा रहेका कर्मचारीहरुलाई कार्यालयको काममा बाधा नपर्ने गरि प्रमुख प्रशासकीय अधिकृतज्यूले कर्मचारीहरुलाई काज तथा बिदा स्वीकृत गर्नको लागि निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.४) आदर्श गाउँपालिका अन्तरगत गाउँकार्यपालिकाको कार्यालय र कतिपय वडामा आवश्यक पर्ने विभिन्न पदहरुको लागि करार सेवामा कर्मचारीहरुको पदपूर्ति गर्नको लागि आ.व.२०८०/०८१ मा विज्ञापन गरिएकोमा कतिपय पदहरुको लिखित परीक्षा समेत भईसकेको र केहि पदहरुको परीक्षा समेत नभई तत्कालिन समयमा विविध कारणले गर्दा स्थगित गरिएकोले उक्त स्थगित गरिएको परीक्षा यस आ.व.२०८१/०८२ मा जुन अवस्थामा छ त्यहि प्रक्रियाबाट सूचारु गर्ने परीक्षा सञ्चालन समिति र प्रमुख प्रशासकीय अधिकृतज्यूलाई निर्देशन दिने निर्णय गरियो । साथै शिक्षा युवा तथा खेलकुद शाखाको लागि सेवा करारमा कम्प्युटर अपरेटरमा कुनै पनि उम्मेदवार परीक्षामा सफल हुन नसेकेको हुँदा उक्त क.अ.को लागि पुनः दरखास्त आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं.५) आदर्श गाउँपालिका अन्तरगत स्वास्थ्य शाखाको संयोजकको भूमिका सि.अ.हे.व.अधिकृत छैटौं बम बहादुर खडकाले सम्हाल्दै आउनु भएकोमा आ.व.२०८१/०८२ को श्रावण महिना देखि लागु हुने गरि उक्त स्वास्थ्य शाखाको जिम्मेवारी जनस्वास्थ्य निरिक्षक महेन्द्र बहादुर खडकालाई दिने र सि.अ.हे.व.अधिकृत छैटौं बम बहादुर खडकालाई बाफ्ककानी स्वास्थ्य चौकीको प्रमुखको रुपमा पठाउने साथै पशु सेवा शाखाको संयोजकको भूमिका पशु विकास अधिकृत छैटौं चेत राज पाठकले सम्हाल्दै आउनु भएकोमा निजको कार्यसम्पादन गर्ने शैली एवं व्यवहार सन्तोषजनक नभएको हुँदा उक्त पशु सेवा शाखाको जिम्मेवारी पशु स्वास्थ्य प्राविधिक प्रदिप रिमाललाई दिने निर्णय गरियो ।

निर्णय नं.६) यहि २०८१ श्रावण २ गते परेको अविरल वर्षातले आदर्श गाउँपालिका वडा नं.३ बस्ने शंकर बहादुर रोकाया र कर्ण बहादुर रोकायाको घर तथा आदर्श गाउँपालिका वडा नं.१ बस्ने नर बहादुर खडकाको घर २०८१ आषाढ २० गते भत्केको हुँदा निजहरुलाई आवश्यक राहातको लागि जिल्ला विपद् व्यवस्थापन समितिमा सिफारिस गर्ने निर्णय गरियो ।